नेपाल मेडिकल काउन्सिल
Nepal Medical Council
(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित/ Established under Nepal Medical Council Act 1964)

P.O. Box No. 13890, Bansbari, Kathmandu, Nepal, Tel: +977-1-4377164, 4371954, Fax: 977-14372318, Email: nmc@nmc.org.np, www.nmc.org.np

## इन्जिनियरिङ्ग अध्ययन संस्थान, सुचना तथा संचार प्रविधि केन्द्रमा मिति २०८० असोज १० देखि १२ गते सञ्चालन हुने नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा सम्वन्धि सूचना !

परीक्षा केन्द्रः

इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस, सुचना तथा संचार प्रविधि केन्द्र, पुल्चोक, ललितपुर ।

### <u>परीक्षा मिति र समय तालिकाः</u>

पहिलो सिफ्ट २०८० साल असोज १० गते बुधबार विहान ०९:०० बजे देखि १२:०० बजे सम्म रोल नम्बर **२३०९२०००१** देखि **२३०९२०३००** सम्म (एम. बि. बि. एस)

दोश्रो सिफ्ट २०८० साल असोज १० गते बुधबार दिउसो ०२:०० बजे देखि ०५:०० बजे सम्म रोल नम्बर **२३०९२०३०१** देखि **२३०९२०६००** सम्म (एम. बि. बि. एस)

पहिलो सिफ्ट २०८० साल असोज ११ गते बिहीबार विहान ०९:०० बजे देखि १२:०० बजे सम्म रोल नम्बर **२३०९२०६०१** देखि **२३०९२०९००** सम्म (एम. बि. बि. एस.)

दोश्रो सिफ्ट २०८० साल असोज ११ गते बिहीबार दिउसो ०२:०० बजे देखि ०५:०० बजे सम्म रोल नम्बर **२३०९२०९०१** देखि **२३०९२१२००** सम्म (एम. बि. बि. एस.)

पहिलो सिफ्ट २०८० साल असोज १२ गते शुक्रबार विहान ०९:०० बजे देखि १२:०० बजे सम्म रोल नम्बर **२३०९२१२०१** देखि **२३०९२१५१०** सम्म (एम. बि. बि. एस.)

दोश्रो सिफ्ट २०८० साल असोज १२ गते शुक्रबार दिउसो ०२:०० बजे देखि ०५:०० बजे सम्म रोल नम्बर **२३०९१०००१** देखि **२३०९१०३२१** सम्म (बि. डि. एस.)

नेपाल मेडिकल काउन्सिल
Nepal Medical Council
(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित/ Established under Nepal Medical Council Act 1964)

P.O. Box No. 13890, Bansbari, Kathmandu, Nepal, Tel: +977-1-4377164, 4371954, Fax: 977-14372318, Email: nmc@nmc.org.np, www.nmc.org.np

## कम्प्युटरमा आधारित परीक्षा सम्बन्धि नियमहरु (स्नातक तह):

- नेपाल मेडिकल काउन्सिलले कम्प्युटरमा आधारित दर्ता प्रमाणपत्र परीक्षा सञ्चालन गर्नेछ
- **अनलाईन फारम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखादेखिने औंठाछाप लगाई प्रवेशपत्र तयार पार्नु पर्दछ। फोटो नटाँसेको, औंठाछाप नलगाएको र तोकेको स्थानमा दस्तखत नगरेको प्रवेशपत्र मान्य हुनेछैन ।**
- परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक सक्कल परिचयपत्र जस्तै नेपाल सरकारबाट जारी भएको नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी (म्याद ननाघेको), नेपाल मेडिकल काउन्सिलबाट जारी गरेको परिचयपत्र (म्याद ननाघेको) र दर्ता प्रमाणपत्र मध्ये कुनै एक अनिवार्य रुपमा ल्याउनु पर्नेछ अन्यथा परीक्षा हालमा प्रवेश निषेध गरिएको छ ।
- परीक्षा सुरुहुनु अगाडी परीक्षार्थीको प्रवेशपत्र, फोटो, दस्तखत, औंठाछाप, आदि जाँच हुनेभएकाले परीक्षा हुनेसमय भन्दा **२ घण्टा** अगावै परीक्षा केन्द्रमा प्रवेश गर्नु बान्छनीय छ । परीक्षा सुरुभएको पन्ध्र मिनेट पछि परीक्षा हलमा प्रवेश दिइने छैन । परीक्षा दिन नपाएका वा परीक्षा छुटेका परिक्षार्थीको परीक्षा शुल्क फिर्ता हुनेछैन ।
- प्रवेशपत्र रुजु र सुरक्षा जाँच भएपछि परीक्षार्थीले आफुलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।
- परीक्षाको समय ३ घण्टा, पूर्णाङ्क १८० र उत्तिर्णाङ्क ९० हुनेछ ।
- जम्मा सोधिने १८० वटा प्रश्नहरु मध्ये एक-एक अङ्क भारका १३० र पाँच-पाँच अङ्क भारका १० (जम्मा ५०) प्रश्नहरु हुनेछन् ।
- तोकिएको स्थानमा बसी प्रयोगकर्ताको नाम र दिईएको पासवर्ड कम्प्युटरमा प्रविष्ट गरेपछि निर्देशिका सहित प्रश्नपत्रहरु देखिनेछन् ।
- कम्प्युटर मानिटरमा परीक्षार्थीको फोटो, रोल नं., परीक्षाको समय, उत्तर दिएको संख्या, उत्तर दिन बाँकि संख्या निरन्तर देखिने छ ।
- हरेक प्रश्नका चार उत्तरहरु हुनेछन् । त्यसमध्ये सबैभन्दा उपयुक्त एक उत्तरमा चिन्हलगाउनु पर्नेछ । कुनै एक उत्तरमा चिन्हलगाएको संका लागेमा उत्तर परिवर्तन गर्न पाईने छ । नमिलेको उत्तरको नकारात्मक अंक हुनेछैन ।

नेपाल मेडिकल काउन्सिल
Nepal Medical Council
(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित/Established under Nepal Medical Council Act 1964)
P.O. Box No. 13890, Bansbari, Kathmandu, Nepal, Tel: +977-1-4377164, 4371954, Fax: 977-14372318, Email: nmc@nmc.org.np, www.nmc.org.np

- आफ्नो परीक्षा सकिएपछि प्रश्नपत्र र उत्तर प्रविष्ट (सबमिट) गर्न सकिने छ । यदि कुनै प्रश्नको उत्तरदिन छुट भएको रहेछ भने सो कुराको जानकारी मनिटरमा देखिने छ । यस्ता छुटेका प्रश्नको उत्तर पुन:दिन सकिने छ । आँफुलाई चित्तबुझेपछि अन्ततः उत्तर प्रविष्ट (सबमिट) गर्न सकिने छ ।
- कुनै कारणबस कम्प्युटर बन्द भएका वा त्यसले काम नगरेमा अर्को कम्प्युटरको व्यवस्था गरिनेछ ।
- प्राविधिक कारणले ह्रास हुनगएको समय थप गरिनेछ ।
- परीक्षाको नतिजा तोकिएको विषय र तहको सबै परीक्षाहरु सकिएपछि हुनेछ । परीक्षाको नतिजामा चित्त नबुझेमा पुन:योगका लागि तीस दिन भित्र आवेदन गर्न सकिने छ । सो को नतिजा आवेदन दिने अन्तिम मितिको सात दिन भित्र दिईने छ ।
- परीक्षा सुरुभएको एकघण्टा अगाडि परीक्षा हल र परीक्षा केन्द्र परिसर छाड्न पाईने छैन ।
- परीक्षा हलमा मोबाइल फोन, क्याल्कुलेटर, घडी (कुनैपनि प्रकारको लगायत सबै इलेक्ट्रोनिक सामानहरु तथा गरगहना ल्याउन र लगाउन प्रतिवन्ध छ । आफ्नो सामानको जिम्मा आफैं लिनु पर्नेछ ।
- परीक्षा हलमा चिट चोर्न, कुराकानी गर्न, यताउति हेर्न, ईशारा गर्न, साउति गर्न लगायतका अवान्छित र अमर्यादित कुरागर्न मनाहि छ ।
- माथि उल्लेखित निर्देशन विपरित कार्यगर्ने परीक्षार्थीलाई तोकिएबमोजिमको कानुनी कारवाही गरिनेछ ।
- परीक्षा सम्बन्धि सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीको कर्तव्य हुनेछ ।
- **परीक्षामा सहभागि हुने परीक्षार्थीहरुले औपचारी पोसाक लगाएको हुनुपर्ने छ । यसको पालना नगर्नेलाई परीक्षामा सामेल गराइने छैन ।**

..................
रजिस्ट्रार
२०८० असोज ७